STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ७ गते बिहीबार ❑ 22 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## फेवातालमा डुङ्गा सञ्चालन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ साउन**

पर्यटकीय गन्तव्य पोखरास्थित फेवातालमा डुङ्गा सञ्चालनमा आएको छ। दोस्रो लहरको कोरोना भाइरस संक्रमण रोकथामका लागि लागू गरिएको निषेधाज्ञाका कारण गत वैशाख १४ गतेदेखि बन्द भएको डुङ्गा व्यवसाय सोमबारदेखि सञ्चालनमा आएपछि डुङ्गा चलाएर जीविकोपार्जन गर्दै आएका मजदूर खुशी भएका छन्।



निषेधाज्ञाका कारण घरमै बसेका उहाँहरुमा पुनःव्यवसाय शुरु भएपछि उत्साह छाएको हो। फेवा डुङ्गा व्यवसायी समितिका उपाध्यक्ष मङ्गल नेपालीले प्रशासनसँग समन्वय गरेर डुङ्गा व्यवसाय शुरु गरिएको र यात्रुलाई मास्क अनिवार्य गरिएको बताए। भीडभाड हुन नदिन २० फुटे डुङ्गामा चार र १८ फुटेमा तीन जना राखेर सञ्चालन गरिएको उनले जानकारी दिए। यसअघि आठ/नौ जनासम्म राख्ने गरिएको थियो। उनले भने, 'यात्रुको चाप न्यून रहेकाले अहिले दैनिक आठदेखि नौ डुङ्गा मात्र सञ्चालमा छन्, फेवातालमा डुङ्गा शुरु भयो भन्ने सन्देश दिन र निषेधाज्ञाबाट प्रभावित मजदूरलाई सहयोग पुगोस् भनेर सञ्चालनमा ल्याएका हौं।' तालमा डुङ्गा सञ्चालन भए पनि प्रसिद्ध तालबाराही मन्दिर भने खुलेको छैन। मन्दिरमा दैनिक साँझमा गरिने आरतिसमेत अहिले बन्द छ। डुङ्गा चढ्ने पर्यटकलाई मन्दिर घुमाएर ल्याउने गरिएको छ। फेवातालमा ७६४ डुङ्गा रहेकामा बाराहीघाटमा मात्र ३०० छन्। निषेधाज्ञा जारी रहेको र पर्यटन व्यवसाय अहिले पनि ठप्प रहेकाले पर्यटक आवागमन नभएकाले क्यू प्रणालीमा थोरै मात्रामा डुङ्गा सञ्चालनमा ल्याइएको समितिले जनाएको छ।

फेवातलामा नौ वर्षदेखि डुङ्गा चलाउदै आउनुभएका पोखरा महानगरपालिका-१८ सराङकोटका मजदूर लक्ष्मण परियारले निषेधाज्ञाका कारण आफूहरु समस्यामा परेको र व्यवसाय शुरु भएपछि उत्साहित भएको बताए। कोरोना संक्रमणबाट आफू पनि जोगिनु चुनौती रहेकाले मास्क नलगाउनेलाई डुङ्गा चढ्न रोक लगाइएको उनले जानकारी दिए। 'कोरोनाका कारण अहिले जस्तो संकट कहिल्यै परेको थिएन, विस्तारै चहलपहल बढेपछि उत्साहित भएका छौं', परियारले भने, 'यात्रु कम हुँदा डुङ्गाको पालो पाउनै गाह्रो छ, पहिला जस्तो आम्दानी अहिले नभए पनि व्यवसाय सञ्चालन हुँदा खुशी लागेको छ।' अर्का डुङ्गा चालक बाबुराम पुरीले निषेधाज्ञाका कारण परिवार पाल्न समस्या भएको बताए। पर्यटन व्यवसाय पहिलाकै अवस्थामा फर्किने विश्वास गरिएको छ। सम्भावित संक्रमणबाट जोगिन आफूहरु पनि सचेत रहेको जनाउँदै उनले मास्क लगाउने, सेनिटाइज गर्ने गरेको र पर्यटकलाई पनि स्वास्थ्य मापदण्डको पालनाका लागि आग्रह गर्ने गरिएको बताए।

## बिपी कोइराला मेरो अभिभावक हुनुहुन्थ्यो : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, ६ साउन**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइराला आफ्नो राजनीतिक गुरु मात्रै नभइ अभिभावक पनि रहेको बताएका छन्।

उनन्चालिसौं बिपी स्मृति दिवसका अवसरमा बुधबार प्रधानमन्त्री देउवाले एक सन्देशमार्फत् बिपी कोइरालाको प्रेरणाले नै आफूहरू लोकतन्त्र प्राप्तिको आन्दोलनमा होमिएको उल्लेख गरे। प्रधानमन्त्री देउवाले आज आफ्नो स्मृति चार दशक अघि उनीसँगको सामिप्यतामा फर्किएको महसुस गर्दै बिपीको मार्गदर्शन जीवनभर आफ्नो प्रेरणा हुने पनि बताए। नेपालको प्रजातान्त्रिक आन्दोलनका एक शिखर पुरुष एवं नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइरालाप्रति प्रधानमन्त्री देउवाले श्रद्धासुमन व्यक्त गरे। नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको योगदानको स्मरण गरी बुधबार ३९औँ स्मृति दिवस मुलुकभर विभिन्न कार्यक्रमहरूको आयोजना गरेर मनाइएको छ। नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर सङ्घर्ष गर्नुभएका कोइरालाको विसं २०३९ साउन ६ गते निधन भएको थियो। कोइरालाको जन्म १९७१ साल भदौ २४ गते भएको हो। विसं २०१५ को संसदीय निर्वाचनपछि २०१६ जेठमा उनी नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री बनेका थिए। विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिकाभरमा तत्कालीन राजा महेन्द्रले जननिर्वाचित सरकार अपदस्थ गरी बिपी कोइराला, प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्री तथा कांग्रेस नेताहरूलाई बन्दी बनाएका थिए।

बिपी कोइरालाले नेपाली साहित्यका क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याएका थिए। उनका कैयौँ कृति नेपाली पाठकबीच लोकप्रिय छन्।

## बिपीको विचार र सिद्धान्त जगेर्ना हामी सबैको दायित्व : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बिपीको विचार र सिद्धान्त जगेर्ना हामी सबैको दायित्व भएको बताएका छन्।

बिपी कोइरालाको ३९औं स्मृति दिवसका अवसरमा बुधबार श्रद्धाञ्जलि वक्तव्य जारी गर्दै उहाँले कोइरालाको गतिशील र कालजयी विचारले गर्दा अहिले पनि नेपाली कांग्रेस मुलुकको प्रजातान्त्रिक आन्दोलन, राष्ट्रियता, विकास र स्थायित्वको पर्यायवाची शक्तिका रूपमा रहेको बताएका छन्। "नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री, बहुआयामिक व्यक्तित्व नेपाली राजनीतिका केन्द्रविन्दु प्रजातान्त्रिक विचार र आन्दोलनका नायक, नेपाली कांग्रेसका सस्थापक जननायक बिपी कोइरालाको ३९औं स्मृति दिवसका अवसरमा हार्दिक श्रद्धासुमन अर्पण गर्दछु", मुख्यमन्त्री पोखरेलले वक्तव्यमा भनेका छन्। नेपालमा प्रजातन्त्रको स्थापनार्थ कठोर सङ्घर्ष गरेका कोइरालाको योगदान नेपाली साहित्यका क्षेत्रमा समेत उत्तिकै उज्ज्वल रहेको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले जहानियाँ राणा शासनबाट नेपाल र नेपालीलाई मुक्त गर्न, प्रजातान्त्रिक विचारधारको विकास र विस्तारमा योगदान गर्न, मुलुकमा संसदीय प्रजातन्त्रलाई संस्थागत गर्न, नेपालको अन्तर्राष्ट्रिय गरिमा वृद्धि तथा सम्बन्ध विस्तार गर्न उहाँले गर्नुभएको योगदानको जति नै प्रशंसा गरे पनि नपुग्ने बताएका छन्। "राष्ट्रियताको सवालमा उहाँले लिनुभएको राष्ट्रिय मेलमिलाप नीतिको सान्दर्भिकता मुलुकमा झन् बढ्दै गएको छ।

लोकतन्त्र र संसदीय अभ्यासमा विश्वास गर्ने राजनीतिक दलहरूका लागि बिपीका सिद्धान्त र आदर्श जहिल्यै पनि मूल मन्त्रका रूपमा स्थापित भएका छन् भने प्रजातान्त्रिक समाजवादको विश्वव्यापी आन्दोलनमा युगनायक बिपी कोइरालाको योगदान आफैमा महत्वपूर्ण छ", वक्तव्यमा उल्लेख गरिएको छ।

मुलुक र नागरिकको हितका लागि बिपीले थालेको दूरगामी सोचबाटै अहिले मुलुक अगाडि बढेको बताउँदै उहाँले सत्तामा रहँदा र नरहँदा बिपीले जहिल्यै पनि मुलुक र जनतालाई नै केन्द्रविन्दुमा राखेको बताए।

राजनीति परिवर्तनको महसुस नागरिकले आर्थिक समृद्धिमार्फत गर्न पाउनुपर्छ भन्ने बिपीको धारणा रहेको बताउँदै मुख्यमन्त्री पोखरेलले नागरिक समृद्ध र सुखी नहुँदासम्म राष्ट्रियता र प्रजातन्त्र मजबुत नहुने हुँदा राजनीतिको मूल ध्येय जनताको सेवा हो भन्नेमा बिपीको स्पष्ट दृष्टिकोण रहेको बताए। उनले मुलुकको समुन्नतिका लागि बिपी कोइरालाकै सिद्धान्तलाई अङ्गीकार गर्न तथा उनले देखाएको प्रजातान्त्रिक समाजवादको मार्ग अवलम्बन गर्दै समृद्ध मुलुक निर्माणको अभियानमा एकजुट हुन प्रजातन्त्रप्रति विश्वास गर्ने सम्पूर्ण नेपाली नागरिकमा आग्रह गरेका छन्।

## पार्टीलाई केन्द्र बिन्दुमा राखेर काम गरौं-शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ साउन**

नेपाली काँग्रेसका नेता शुक्रराज शर्माले पार्टीलाई केन्द्र बिन्दुमा राखेर सबैले काम गर्नुपर्ने बताएका छन्।



३९ औं वीपी स्मृति दिवसको अवसरमा नेपाली काँग्रेस क्षेत्र नं २ कास्कीले बुधबार भलाममा आयोजना गरेको वृक्षारोपण तथा बिरुवा वितरण कार्यक्रममा बोल्दै उहाँले त्यस्तो बताएका हुन्। उनले प्रजातन्त्रमा मात्रै सबैको आदर र सम्मान हुने उल्लेख गरे। कम्युनिष्टले मुलुकलाई धेरै बिगारेको आरोप लगाउँदै उनले मुलुक र जनताका लागि काँग्रेसले इमान्दारपूर्वक काम गर्नुपर्नेमा जोड दिए।

नेता शर्माले वीपीले देश, प्रजातन्त्र र व्यक्तिको सर्वोच्चताका लागि पुऱ्याएको योगदान सदैव स्मरणीय रहने बताए। उनले पार्टीको अधिवेशनमा काँग्रेस र प्रजातन्त्रको पक्षमा लाग्नेलाई नेतृत्वमा स्थापित गर्नुपर्ने आवश्यकता औंल्याए। नेपाली काँग्रेसका महासमिति सदस्य सोभियतबहादुर अधिकारीले अहंकारका कारण कम्युनिष्ट पतन भएको बताए।


महिला नेतृ बृन्दादेवी रानाले काँग्रेस नेतृत्वको सरकारले जनमुखी कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरिन। महासमिति सदस्य देवराज चालिसेले पार्टी भित्र व्यक्तिवादी प्रवृत्ति मौलाएको भन्दै चिन्ता व्यक्त गरे। गण्डकी प्रदेश सभा सदस्य विन्दु थापाले जनताका काममा आफू प्रतिवद्ध भएर काम गरिरहेको बताए। नेपाली काँग्रेस क्षेत्र नं १(ख) कास्कीका सभापति कृष्ण कोइरालाले पार्टीका लागि सबैले योगदान गर्नुपर्नेमा जोड दिए। त्यस अवसरमा महासमिति सदस्यहरु गुरु बराल, गिरिराज गौतम, ऋषि काफ्ले, केशर निर्दोषी, वीरेन्द्र नारायण बिजुक्छे, पूर्व क्षेत्रीय सभापतिहरु शोभाचन्द्र बराल, निर्मल प्रसाद कर्माचार्य, कास्की काँग्रेसकी सहसचिव रङ्गिला आचार्य, प्रवक्ता नवीन सिग्देल, सदस्य मुकुन्द बास्तोला 'ज्वाला', नेपाली काँग्रेस क्षेत्र नं २(क)का सभापति विजयराज आचार्य, नेपाल महिला संघ पोखरा महानगर सभापति माया बराल, पूर्व केन्द्रीय सदस्य आनन्दी राणा, पोखरा महानगरपालिका वडा नं ९ का वडा अध्यक्ष रामराज लामिछाने, वडा नं ११ का वडा अध्यक्ष मोहन बास्तोला, नेपाल विद्यार्थी संघका पूर्व केन्द्रीय सदस्य देवकृष्ण पराजुली, नेपाली काँग्रेस वडा कार्यसमिति पोखरा ७ का सभापति नवीन बराल र २० का सभापति तिल बहादुर गुरुङले बोलेका थिए।

नेपाली काँग्रेस क्षेत्र नं २ कास्कीका सभापति माधव बास्तोला'मधु' को अध्यक्षतामा भएको कार्यक्रम २(ख)का सभापति दिपेन्द्र मर्सानीले संचालन गरेका थिए।

## चर्चीत कलाकार प्रकाश (दिलु) गन्धर्व पोखराको फेवाताल किनारमा सारङ्गी रेट्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ साउन**

चर्चीत कलाकार प्रकाश (दिलु) गन्धर्व यति वेला गृह नगर पोखराको फेवाताल किनारमा सारङ्गी रेट्दै आउनु भएको छ। शनिबारदेखि पोखराको फेवातालमा ढुंगा सयर गर्न सुरु भएसंगै आन्तरिक पर्यटकको समेत चहल पहल सुरु भएकोले उनले मंगलबारदेखि फेवातालको फुट ट्याकमा सारङ्गी रेट्न सुरु गरेका हुन्।



विगत ८ बर्ष अघि बीबीसी नेपाली सेवाको कथा मिठो सारङ्गीको कथा नाटकमा दिलु गन्धर्वको भूमिका खेल्नु भएका पोखरेली कलाकार प्रकाशको हिजोआज सायद कोरोनाले गर्दा आफ्नो दिन चर्या विताउन यसरी सार्वजनिक स्थलहरुमा पुगेर सारङ्गी रेट्दी गित प्रस्तुतःगर्दै आउनु परेको हो। कोरोनाले गर्दा कलाकार गन्धर्वसंग हाल एउटा मोवाइल किन्ने समेत पैसा नभएको गुनासो गर्नु भएको छ। आफुलाई कत्तैबाट रकमको जोहो भएमा आफ्नो कलाकृति संस्थागत गर्ने गरी विभन्नि माध्यमबाट बाहिर ल्याउने योजना भएको समेत कलाकार गन्धर्वले बताउनु भयो। फेवातालको किनारामा सारङ्गी रेट्दै गर्नुभएका कलाकार प्रकाश गन्धर्वसंग हाम्रा सहकर्मी दीननाथ बरालले गरेको कुराकानीको छोटो अंश अबको क्रममा।

१० बर्षदेखि सारङ्गी वोकेका उनले विगत एक दशक काठमाण्डौंमा विभिन्न नाटक तथा फिल्ममा समेत कलाकारको भूमिका खेलेका उनी विगत केही समय देखि पोखरामा रहेका छन्। कथा मिठो सारङ्गीको कथाका निर्देशक खगेन्द्र लामिछानेका अनुसार प्रकाश राम्रो कलाकार हुन्। उनले सृजना गरेको गित र उनले प्रस्तुतः गरेको सारङ्गीले धेरैलाई प्रभावित पार्ने उनल जनाए। विगत ७ बर्षसम्म संगै काम गरेकोले तत्कालिन अबस्थामा बिबिसी सेवाबाट उनले राम्रो आम्दानी गर्न सफल भए पनि हाल विगत दुई बर्ष देखि कोरोनाले गर्दा उनी सहित अन्य कलाकारलाई आफ्नो ज्ञान सिप भए पनि त्यसबाट बाच्न कठिन हुन थालेको खगेन्द्रले जनाए। वास्तविक कलाकारको रुपमा रहेका प्रकाशको साङगितीक क्षेत्रमा छुट्टै पहिचान बनाएको चलचित्र निर्देशक एवं बरिष्ठ कलाकार माउत्से गुरुङले बताए।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# ३९ औं वीपी स्मृति दिवसमा माल्यार्पण र दिप प्रज्ज्वलन

पोखरापत्र संवाददाता
पोखरा, ६ साउन

३९ औं स्मृति दिवसको अवसरमा पोखरामा वीपीको शालिकमा माल्यार्पण र दिप प्रज्ज्वलन गरिएको छ।

कास्की काँग्रेसको आयोजनामा पोखराको चिप्लेढुङ्गास्थित वीपी शालिकमा माल्यार्पण र दिप प्रज्ज्वलन गरिएको प्रवक्ता नवीन सिग्देलले जानकारी दिए।



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, सामाजिक विकास मन्त्री कुमार खड्का, नेता शुक्रराज शर्मा, गण्डकी प्रदेश सभा सदस्य विन्दु थापा, नेता सोभियत बहादुर अधिकारी, पोषनाथ शर्मा, माधव बास्तोला 'मधु', कृष्ण कोइराला, बजिरमान श्रेष्ठ लगायतले शालिकमा माल्यार्पण गरेकाथिउ। कार्यक्रममा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले वीपीको वीचार र सिद्धान्तलाई सबैले आत्मसात गर्नुपर्नेमा जोड दिए। देश र जनताप्रतिको दुरगामी सोचबाट अहिले मुलुक अघि बढिरहेको उहाँको भनाइ छ। नेता शुक्रराज शर्माले वीपी विचारले सदैव विजयी हासिल गरेको उल्लेख गरे। कार्यक्रममा जिल्ला सदस्य एवं पूर्व सचिव रामराज लामिछाने र प्रवक्ता नवीन सिग्देलले बोलेका थिए।

# राष्ट्रिय एकतामा चाडपर्वको भूमिका महत्वपूर्ण : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, ६ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले धार्मिक एवं सांस्कृतिक चाडपर्वले सामाजिक एकता, सद्भाव, धार्मिक सहिष्णुता कायम राखी राष्ट्रिय एकतालाई अझै मजबुत बनाउन महत्वपूर्ण योगदान दिएको बताएका छन्।

मुस्लिम समुदायको पर्व बकर इद (इदुल जोहा)को उपलक्ष्यमा आज शुभकामना सन्देश व्यक्त गर्दै उहाँले यस पर्वले विविध धर्म, संस्कृति मान्ने सबै नेपालीबीच भ्रातृत्व, प्रेम र एकताको भावना बढाई समुन्नत, शान्त र समृद्ध मुलुक बनाउन सबैमा प्रेरणा प्रदान गरोस् भनी कामना गरेका छन्।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं भौगोलिक विविधतायुक्त हाम्रो मुलुक संविधानतः धर्म निरपेक्ष भए पनि धार्मिक सहिष्णुता अनुकरणीय रहेको सन्देशमा भनिएको छ। अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माइल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मान्यता छ। इदुल फित्र अर्थात् रमजान पर्वको ७०औँ दिनमा बकर इद मनाउने धार्मिक विधि छ। इस्लाम पात्रो 'हिजारी संवत्' अनुसार नयाँ वर्षको 'जुल हिज्जा' महिनाको १०औँ दिन यो पर्व मनाउँदै आएको पाइन्छ। विश्वभरकै मानवका लागि चुनौती बनेको कोरोना भाइरसविरुद्धको सङ्घर्षमा सफलता प्राप्त गर्न र महामारीका बेलामा अझ दरिलोरूपमा जुट्न आजको दिनले हामी सबैलाई हौसला मिल्ने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री पोखरेलले स्वास्थ्य मापदण्ड अपनाएर पर्व मनाउन आग्रह गरेका छन्।

# एकतामा आउन अध्यक्ष ओलीको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ६ साउन

प्रमुख प्रतिपक्षी नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो राजनीतिक जीव र कम्युनिष्ट आन्दोलन जोगाउनुपर्नेमा जोड दिँदै असन्तुष्ट पक्षलाई एकतामा आउन आग्रह गर्नुभएको छ।

केन्द्रीय कमिटीको जारी १० पूर्ण बैठकको तेस्रो दिन आज अध्यक्ष ओलीले १० बुँदे सहमतिलाई कार्यान्वयन गर्दै आन्तरिक एकताका लागि अन्तिम समयसम्म प्रयास आफू तत्पर रहेको स्पष्ट गर्नुभयो। सर्वोच्च अदालतको गत असार २८ गतेको फैसला संसदीय व्यवस्थानुकूल नभएको टिप्पणी गर्दै जनताको चाहनालाई कुच्चेर केही नेताले गद्दारी गरेकाले आफ्नो नेतृत्वको सरकार ढलेको बताउनुभयो। "मसँग अब अरु आग्रह छैन। म एकताको मोही अझै मथ्दै छु। सकभर सत्ता गठबन्धनमा लागेका सबै पार्टीका नेतालाई आफ्नो राजनीतिक जीवन बचाउन आन्दोलन बचाउन अनुरोध गर्छु", अध्यक्ष ओलीले बैठकमा भन्नुभयो।

पार्टीको नीतिविपरीत नेपाली काँग्रेसका सभापति देउवालाई प्रधानमन्त्रीमा विश्वासको मत दिने नेता माधवकुमार नेपालसहित २२ सांसद्लाई स्पष्टीकरण सोधेको एमालेले त्यसबारे जवाफ आएपछि निर्णय गर्ने एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिनुभयो।

ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा जारी सो पार्टीको १०औँ केन्द्रीय कमिटी बैठकमा अध्यक्ष ओली नेतृत्वको निवर्तमान सरकारका उपलब्धि, सर्वोच्च अदालतको असार २८ गतेको फैसला पार्टीको आगामी कार्ययोजना, पार्टीको सुदृढीकरण र शुद्धीकरण अभियानलगायत विषय कार्यसूची रहेका छन्। आजको बैठकले संविधानको धारा ७६ (५) को सरकार बनाउँदा दलीय ह्विप नलाग्ने फैसला गरेकाले उक्त दफालाई संशोधन गर्ने पहल गर्ने निर्णय गरेको प्रवक्ता ज्ञवालीले जानकारी दिनुभयो। बैठकले ओली नेतृत्वको सरकारले विविध चुनौतीका बीच विकास र समृद्धिका पक्षमा उपलब्धि हासिल गरेको र प्रतिपक्षमा रहेर संविधान, लोकतन्त्र र राष्ट्रियताका सम्बन्धमा सशक्त र प्रभावकारी काम गर्ने निर्णय गरेको छ। नेता ज्ञवालीले हालको स्थितिबाट निराश नहुन कार्यकर्तालाई आग्रह गर्दै पार्टीको शक्ति पुनःफर्काइने जनाउनुभयो। अर्को बैठक बिहीबार दिउँसो ३ बजे पुनःबस्नेछ।

# विश्व खेलकूदको महाकुम्भ ओलम्पिकमा नेपालका पाँच खेलाडी

रासस
काठमाडौं, ६ साउन

जापानमा आयोजना हुने ३२औँ गृष्मकालीन ओलम्पिक खेलमा नेपालबाट चार खेलका पाँच खेलाडीले प्रतिस्पर्धा गर्दैछन्।

यही साउन ८ देखि २४ गतेसम्म सञ्चालन हुने विश्व खेलकूदको महाकुम्भ ओलम्पिकमा नेपालले एथ्लेटिक्स, सुटिङ, जुडो र पौडी खेलमा सहभागिता जनाउँदैछ। ३२ औँ गृष्मकालीन ओलम्पिकमा एथ्लेटिक्समा सरस्वती चौधरी, सुटिङमा कल्पना परियार, जुडोमा सोनिया भट्ट र पौडीमा गौरिका सिंह र एलेक्स शाहले नेपालको चुनौती प्रस्तुत गर्नेछन्।

एथ्लेटिक्सतर्फ नेपालकी सरस्वती चौधरीले प्रतिस्पर्धा गर्दैछिन्। उनले एक सय मिटर दौडमा नेपालको चुनौती प्रस्तुत गर्न लागेकी हुन्। छोटो दूरीका धाविका चौधरी युनिभर्सालिटी कोटामा ओलम्पिक खेल्न लागेकी हुन्। उनी साउन १५ गते मैदानमा उत्रनेछिन्। सुटिङमा कल्पना परियारले नेपालको चुनौती प्रस्तुत गर्नेछिन्। उनले महिला १० मिटर एयर राइफलमा नेपालको चुनौती प्रस्तुत गर्ने भएकी हुन्। उनी वाइल्ड कार्ड प्राप्त गरेर टोकियो ओलम्पिकमा भाग लिन लागेकी हुन्। उनको खेल यही साउन ९ गते हुनेछ। उनले छनोट चरण पार गरे अन्तिम चरणको खेल पनि साउन ९ गते साँझ नै हुनेछ। जुडोमा सोनिया भट्टले प्रतिस्पर्धा गर्नेछिन्। उनी पनि वाइल्ड कार्डको माध्यमबाट ओलम्पिकमा भाग लिन लागेकी हुन्। अन्तर्राष्ट्रिय जुडो महासङ्घले वरियताका आधारमा सोनियालाई ओलम्पिकमा सहभागिता जनाउन लागेको हो। १९ वर्षीय सोनियाले ४८ केजीमुनि तौल समूहमा नेपालको चुनौती प्रस्तुत गर्नेछिन्। उनको खेल पनि यही साउन ९ गते नै हुनेछ। पहिलो चरण पार गरे अन्य चरणको खेल पनि सोही दिन हुनेछ। पौडीमा नेपालबाट एलेक्स शाहले र गौरिका सिंहले सहभागिता जनाउँदैछन्। दुवै खेलाडी युनिभर्सालिटी कोटा (विश्वव्यापी सहभागिता) बाट ओलम्पिक पुगेका हुन्। नेपाली पौडी खेलाडी एलेक्सले पुरुष सय मिटर फ्रिस्टाइलमा नेपालको प्रतिनिधित्व गर्नेछन्। उनले साउन १२ गते पुरुष एक सय मिटर फ्रिस्टाइलको हिट चरणमा प्रतिस्पर्धा गर्नेछन्। एलेक्सले हिट चरण पार गर्न सकेमा साउन १३ गते अर्को खेल तथा त्यसमा पनि सफल भएको अवस्थामा फाइनल चरण साउन १४ गते प्रतिस्पर्धा गर्नेछन्। त्यस्तै जलपरी गौरिकाले महिला एक सय मिटर फ्रिस्टाइलमा चुनौती प्रस्तुत गर्नेछिन्। उनले अघिल्लो संस्करणको ओलम्पिक खेलमा सबैभन्दा कम उमेरकी खेलाडी बनेर चर्चा कमाएकी थिइन्। गौरीकाले यही साउन १३ गते महिला १०० मिटर फ्रिस्टाइलको हिट चरणमा प्रतिस्पर्धा गर्नेछिन्।

स म ग ् म ा हेर्ने हो भने नेपालले ओलम्पिक खेलमा खासै उल्लेखनीय प्रदर्शन गर्न सकेको छैन। नेपालको प्रतिस्पर्धा भनेको सहभागितामा मात्र सीमित बनेको छ। ओलम्पिकमा नेपालले खेलेको १४ संस्करणसम्मको खेलको इतिहासलाई हेर्दा कुनै उपलब्धि हासिल गर्न सकेको छैन।

नेपालले सन् १९६४ मा जापानको टोकियोमै भएको १८औँ संस्करणको खेलबाट ओलम्पिक यात्रा शुरु गरेको थियो। हालसम्म नेपालका ८५ खेलाडीले ओलम्पिकमा सहभागिता जनाइसकेका छन्। तर कुनै पनि खेलाडीले आधिकारिक पदक हात पार्न सकेका छैनन्। यद्यपि नेपालका तेक्वान्दो खेलाडी दीपक विष्ट र सङ्गीना वैद्यले भने ओलम्पिक खेलको छनोट प्रतियोगिता पार गरेका छन्। ओलम्पिकमा नेपालबाट हालसम्म आठ खेलमा प्रतिनिधित्व भएको छ। एथ्लेटिक्स, बक्सिङ, पौडी, तेक्वान्दो, भारोत्तोलन, सुटिङ, जुडो र आर्चरी खेलबाट नेपालले प्रतिनिधित्व गरेको हो। त्यसमध्ये ओलम्पिक यात्रा शुरु गरेयता एथ्लेटिक्स खेलको सहभागिता भने हालसम्म टुटेको छैन। यसपटकको ओलम्पिकमा पनि नेपाली टोलीको लक्ष्य भनेको पदकभन्दा पनि आफ्नो व्यक्तिगत प्रदर्शन सुधार गर्नु नै हुनेछ। ओलम्पिक खेलका लागि पौडी, सुटिङ र जुडोका खेलाडी जापानको टोकियो पुगिसकेका छन् भने एथ्लेटिक्स टोली यही साउन ९ गते जापान प्रस्थान गर्नेछन्।

# २,८३८ सङ्क्रमित थपिए, ३० को मृत्यु

रासस
काठमाडौं, ६ साउन

देशभर दुई हजार ८३८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार १२ हजार ६१६ जनामा परीक्षण गर्दा दुई हजार ८३८ जनामा सङ्क्रमण पुष्टि भएको हो।

पछिल्लो २४ घण्टामा आठ हजार ७१५ जनाको पिसिआर र तीन हजार ९०१ जनामा एन्टिजेन परीक्षण गरिएको थियो। बुधबार पुष्टि भएको नयाँ सङ्क्रमितसँगै देशभर बिरामीको सङ्ख्या सात लाख २४ हजार ४५५ पुगेको छ भने छ लाख ३६ हजार ४०२ जना पूर्ण स्वास्थ्य लाभ गरी घर फर्किएका मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारी जानकारी दिए। अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या २६ हजार ८३२ रहेको छ। उनका अनुसार नेपालमा सङ्क्रमणदर १९.२ प्रतिशत रहेको जानकारी दिए।

पिसिआर परीक्षण गरिएकामध्ये दैनिक २५ प्रतिशतलाई सङ्क्रमण भइरहेको उनले बताए। बुधबार ३० जनाको सङ्क्रमणका कारणले निधन भएको छ। योसँगै नौ हजार ६३७ जना सङ्क्रमणका कारणले निधन भएका छन्। प्रति १० लाख जनसङ्ख्यामा ३२४.८ जनाको निधन भएको छ।





बाढीपहिरोको प्रकोप न्यूनिकरण गर्न जथाभावी ढुङ्गा, बालुवा निकाल्ने तथा खोलाको बहाव बदल्ने कार्य नगरौं।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुन मानिस तिम्रो अगाडि झुक्दछ, उसको अगाडि तिमी पनि झुक ।

- शेखसादी

## सम्पादकीय

# स्वास्थ्य मन्त्री नियुक्त गर

कोरोना महामारीको बेला सबैभन्दा बढी सक्रिय हुनुपर्ने स्वास्थ्य मन्त्रालय अहिले मन्त्री नियुक्ति हुन सकेको छैन । प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा कोरोना महामारी पछि तीन जना स्वास्थ्य मन्त्री फेरियो । पछिल्लो समय सर्वोच्च अदालतले स्वास्थ्य मन्त्रीलाई काम नगर्न अन्तरिम आदेश नै दियो । स्वास्थ्य मन्त्रालयको नेतृत्व हरदम सक्षम र लगनशील चाहिने हो । स्वास्थ्य मन्त्रालयलाई राम्रोसँग हाँक्न सक्ने सक्षमलाई नियुक्ति गर्नुपर्ने विज्ञ, जनस्वास्थ्यविद र नागरिकको आवाजलाई केपी शर्मा ओलीले पनि सुनेननlउनको सरकारले बढी आलोचना सुन्नुपर्ने कारण बन्यो । डेढ वर्षको अबधि कोरोना महामारी नियन्त्रणका लागि निकै चुनौतीपूर्ण रह्यो । सक्ने जति काम हुन नसक्दा सरकार अलोकप्रिय बन्यो । जनतालाई आशावादी बनाउन सक्ने,सक्षम र ईमान्दार नेतृत्व स्वास्थ्य मन्त्रालयले नपाउँदा सरकार नै अलोकप्रिय बन्न पुगेको महसुस गर्न केपीले सकेनन् । शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भएको बुधबार आठ दिन भइसकेको छ । अहिलेको सन्दर्भमा सर्वाधिक महत्वपूर्ण र अति आवश्यक स्वास्थ्य मन्त्रालयमा मन्त्री नियुक्त गर्न नसक्नु र आलटाल गर्नु विडम्बना हो ।

असार २९ गते देउवाले आफूसँगै कांग्रेसबाट दुई र माओवादीबाट दुई गरि चारजना मन्त्री नियुक्त गरे पनि त्यसपछि मन्त्री थपिएका छैनन् । नागरिकलाई कोरोना महामारीबाट बचाउनु, खोपलगायत अन्य अत्यावश्यकीय कुराको प्रबन्ध गर्नु यति बेला राज्यको मुख्य दायित्व र चुनौती हो । प्रधानमन्त्री देउवा र उनको पार्टी कांग्रेसले त्यो कुरा राम्रोसँग बुझेको औपचारिक भाषण, मनतव्य र विज्ञप्तिबाट देखिन्छ । कुरा बुझ्दा बुझ्दै पनि प्रधानमन्त्री देउवाले त्यो दायित्व पूरा गर्ने स्वास्थ्य मन्त्रलायमा विभागीय मन्त्री नियुक्त गर्न भने ढिलासुस्ती गर्नु बुझेर पनि बुझपचाउनु हो ।

केही दिनअघिसम्म प्रतिपक्षमा रहेको कांग्रेसले सरकारले महामारी नियन्त्रण गर्न गरेका प्रयास अर्याप्त र गैर जिम्मेवारपूर्ण रहेको भन्दै आलोचना गर्दै आएको थियो । पार्टीले दैनिक जारी गर्ने विज्ञप्तिमा पूर्ववर्ती केपी ओली नेतृत्वको सरकारले कोरोना महामारी नियन्त्रणका लागि गरेको काम ठीक नभएको बताउँदै आएको थियो । तर सत्ताको चाँसो आफ्नो हातमा आइपुग्दा भने कांग्रेस, माओवादी केन्द्रसहितका सत्तारुढ पक्ष अल्मलिएका छन् । खोप लगाउने ठाउँमा भद्रगोल देखिएको छाआएको खोप लगाउन पनि कञ्जुस्याँई गरिएको छ । प्रतिनिधिसभामा विश्वासको मत लिने क्रममा प्रधानमन्त्री देउवाले आफ्नो सरकारको पहिलो, दोस्रो र तेस्रो प्राथामिकता खोप मात्रै भएको जनाउँदै महामारी नियन्त्रणमा ध्यान केन्द्रित गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

'अहिले दुईवटा कुरा गर्नुपर्नेछ । पहिलो कोराना महामारी नियन्त्रण र दोस्रो बाढी पहिरोमा परेकालाई राहत', संसदमा देउवाले अगाडि भनेका छन्, 'पहिलो प्राथामिकता, दोस्रो प्राथामिकता खोप, तेस्रो प्राथामिकता पनि खोप । त्यसकारण खोप ! खोप ! खोप ! विकास आवश्यक छ, तर अहिले त्यो भन्दा बढि लाइफ आवश्यक छ । विकासको महत्व छ । त्यो भन्दा बढि महत्व जीवनको छ ।' स्वास्थ्य मन्त्रालयको जिम्मेवारीलाई यसरी बुझेका प्रधानमन्त्रीले जिम्मेवारी दिएर काम तीव्र गति गर्न भने रोकिएका हुन् । महामारी नियन्त्रणका लागि अहिले सरकारले गर्नुपर्ने मुख्य काम भनेको खोपको व्यवस्थापन हो । नेपाली उखान "काम कुरो एकातिर कुम्लो बोकी ठिमी तिर "भने जस्तै दल फुटाउन अध्यादेश ल्याउने, भुमि आयोग खारेज गर्ने र विपक्षीसंग दुरी बढाउने काम गरेको छ । कोरोनाको तैश्रो लहर आउन सक्ने भन्दै जनस्वास्थ्यविदले प्रधानमन्त्री शेर बहादुर देउवाको ध्यानाकर्षण गराएका छन । सरकारले चाल्नुपर्ने कदमका बारेमा सुझाव पनि दिएका छन । विज्ञ, जनस्वास्थ्यविद, नागरिकका सुझावलाई ग्रहण गर्न ढिला गर्नु महामारीलाई फैलाउन सघाउनु हो । त्यस्तो गल्ती अब दोहोरिनु हुँदैन ।

# बन्धकी खेतमा सामूहिक खेती गर्दै विपन्न

पोखरापत्र संवाददाता
दमौली, ६ साउन

तनहुँको म्याग्दे गाउँपालिकास्थित एक सामुदायिक वनले बन्धकीमा खेत खरिद गरी विपन्न समुदायलाई सामूहिक खेतीमा आबद्ध गराएको छ । म्याग्दे-१ गुणादीस्थित बाराही सामुदायिक वन उपभोक्ता समूहले बन्धकीमा खेत खरिद गरेर विपन्न समुदायलाई सामूहिक खेतीमा आबद्ध गराएको हो ।

विपन्न वर्गका उपभोक्ताको जीविकोपार्जनमा सघाउन स्थानीय व्यक्तिको ३६ रोपनी बाँझो खेत बन्धकीमा खरिद गरी सामूहिक खेती गरिएको वन समूहका अध्यक्ष मुक्तिनाथ खनालले जानकारी दिनुभयो । उहाँका अनुसार रु आठ लाख २५ हजारमा खेत बन्धकीमा खरिद गरी २५ जनाले त्यस खेतमा तीन वर्षदेखि खेती गरिरहेका छन् । "सामुदायिक वनमा आबद्ध विपन्न सदस्यलाई जीविकोपार्जनमा सहयोग पुऱ्याउन यो कार्यक्रम सञ्चालन गरेका हौँ", उहाँले भन्नुभयो । उहाँका अनुसार यस खेतमा वर्षमा तीनपटक खेती गरिन्छ। वनका उपभोक्ताले यहाँ गहुँ, चैते र असारे धान रोप्दै आएका छन् । "चैते धान थन्क्याएर अब असारे धान रोप्न शुरु भएको छ", उहाँले भन्नुभयो, "यहाँ खेती गरेर एक जनाले वार्षिक करिब १० मुरी धान उत्पादन गर्ने गरेका छन् ।" सामुदायिक वनको कार्ययोजनाअनुसार न्यून आय भएका उपभोक्तालाई सामूहिक खेतीका लागि छनोट गरिएको छ । दैनिक ज्याला गरेर गुजारा गर्ने उपभोक्ता यसका लागि छनोट हुन्छन् । "ज्यालादारी गरेर बिहान-बेलुका छाक टार्नेलाई केही सहयोग होस् भन्नका लागि सामूहिक खेती गर्नका लागि खेत उपलब्ध गराएका छौँ", उहाँले भन्नुभयो, "यहाँबाट उत्पादित धानले उनीहरूलाई चामल खरिद गर्नुपरेको छैन ।" वन समूहमा आबद्ध विपन्न समुदायलाई सामूहिक खेतीमा सहभागी गराउन सार्वजनिक सूचना टाँस गरेर निवेदन आह्वान गरिन्छ । निवेदन पेश गरिसकेपछि वन समूहले न्यून आय भएका उपभोक्ता छनोट गर्छ । खेती गर्नका लागि उपभोक्ताले रु ५० को निवेदन र धरौटीवापत रु एक हजार जम्मा गर्नुपर्ने प्रावधान बनाइएको छ । "छनोट भएर बीचैमा नछाड्नु् भन्नका लागि धरौटी राखिएको हो, पछि उपभोक्तालाई नै त्यो रकम फिर्ता गर्छौँ", खनालले भन्नुभयो । उक्त सामुदायिक वनमा २८५ उपभोक्ता आबद्ध छन् । तीमध्ये राममाया सुनार, टेकबहादुर कामी, उमा सुनार, कुसु सुनार, मनी परियार, भावना सुनार, मनु आले, गुनीमाया बाचेलगायतले यो वर्ष सामूहिक खेती गरेका छन् । "प्रत्येक एक/एक वर्षमा खेती गर्नका लागि निवेदन माग्छौँ, एकपटक गरेकाले अर्कोपटक गर्दिनँ भन्न पनि पाउँछ, त्यस्तो भएको खण्डमा अर्को उपभोक्ताले मौका पाउँछ", उहाँले भन्नुभयो, "नभए उही उपभोक्ता दोहोरिन पनि सक्छ ।"

स्थानीयवासी राममाया सुनारले आफ्नो खेतबारी नभएकाले सामूहिक खेती गर्न पाउँदा सहज भएको बताउनुभयो । "खेतीपाती गर्नलाई खेत छैन, वनले उपलब्ध गराइएको खेतमा खेती गरेर उत्पादन लिएका छौँ, जीविकोपाजर्नका लागि सहयोग पुगेको छ", सुनारले भन्नुभयो । सबडिभिजन वन कार्यालय म्याग्देका प्रमुख मनोज रानाभाटले बन्धकीमा खेत खरिद गरी सामूहिक खेती गरिएको तनहुँमै पहिलो र नमूना कार्यक्रम भएको बताउनुभयो । "सामुदायिक वनले आम्दानीको ३५ प्रतिशत रकम उपभोक्ताको आयआर्जनमा खर्च गर्नुपर्ने प्रावधान छ, सोहीबमोजिम यो सामुदायिक वनले नमूना कार्य गरेको छ", रानाभाटले भन्नुभयो, "यसले वनका विपन्न समुदायको आयआर्जनमा सघाएको छ ।"

उहाँका अनुसार यहाँबाट उत्पादन हुने धानले सानो परिवारका लागि चामल किन्न पर्दैन । "ज्यालादारी गरेर जीविकोपार्जन गर्ने उपभोक्तालाई यसले ठूलो राहत मिलेको छ", रानाभाटले भन्नुभयो । वनमा आबद्ध उपभोक्तालाई समृद्धितर्फ उन्मुख गराउने यो नमूना कार्य भएको रानाभाटले बताउनुभयो ।

# बिपीको प्रमुख कार्यसूची : 'लोकतान्त्रिक सिद्धान्त, आदर्श र गन्तव्य'

रासस
काठमाडौं, ६ साउन

नेपाली राजनीतिका शिखर पुरुष विश्वेश्वरप्रसाद कोइरालाको प्रजातन्त्रप्रतिको प्रतिबद्धता र निष्ठाको स्मरण गरिएको छ।

बिपी स्मृतिको अवसरमा सुशील कोइराला मेमोरियल फाउन्डेशनद्वारा आज यहाँ आयोजित अन्तरसंवादका सहभागी वक्ताले निरङ्कुश राणा शासनविरुद्ध मोर्चा खडा गरी मुलुकमा प्रजातन्त्र स्थापनाका लागि उहाँले पुऱ्याउनुभएको योगदान र प्राप्त उपलब्धिको समीक्षा गर्नुभयो । सो अवसरमा परराष्ट्र मामिलाका जानकार प्राध्यापक जयराज आचार्यले नेपालमा लोकतन्त्र स्थापनाका लागि भएको सङ्घर्षमा बिपीले आजीवन योगदान गर्नुभएको स्मरण गर्नुभयो । बिपीको अन्तिम चार वर्षमा भएका भेटघाट र छलफल प्रजातन्त्र, राजनीति र साहित्य क्षेत्रका विषयमा कुरा गर्नुभएका प्राध्यापक आचार्यले नेपालका आदर्श र जीवनलाई प्रभावित तुल्याउने व्यक्तिका रूपमा बिपी र प्राध्यापक यदुनाथ खनाललाई लिने गरेको बताउनुहुन्छ।

प्राध्यापक आचार्य भन्नुहुन्छ, "बिपीबाट २००७ सालको आन्दोलनको नेतृत्व भए तापनि १७ साल नेपालको इतिहासमा एउटा ठूलो दुर्घटनाको प्रमुख सिकार बिपी र लोकतान्त्रिक प्रणाली भयो । त्यसपछि उहाँकै नेतृत्वमा ३० वर्ष सङ्घर्ष भयो, २०४६ सालको जनआन्दोलन पनि बिपी जीवित नभए पनि त्यसको पछाडि उहाँकै प्रेरणा थियो ।" बिपी कोइराला प्रधानमन्त्री र पार्टी सभापतिमात्र होइन, एउटा प्रजातान्त्रिक सङ्घर्षको आदर्श प्रतीकका रूपमा जीवित रहिरहनुभएको छ । विसं २०१५ सालमा भएको आम निर्वाचनमा दुई तिहाइ मतका साथ नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपीलाई राजा महेन्द्रले २०१७ सालमा अपदस्त गरी जेल पठाएका थिए । मुलुकमा त्यो घटनालाई २०१७ सालको 'कू' को सङ्ज्ञा दिने गरिन्छ।

विसं २००७ को क्रान्तिको उपलब्धि स्थापित गर्न २०१५ सालको आम निर्वाचनसम्मको अवधिमा बिपीलाई ठूलो सङ्घर्ष गर्नुपरेको थियो । बिपीकै समग्र योजनाअनुरुप राजारजौटा उन्मूलन, गुठी जग्गा रैकर, विर्ता प्रथा उन्मूलन, मोहियानी हक लागू, त्रिभुवन विश्वविद्यालय स्थापनालगायत नेपाली समाजमा आमूल परिवर्तन गर्ने दूरगामी कार्यक्रम अघि बढी रहेकै बेला १७ सालको घटना भयो ।

राजनीतिक अधिकार खोसिएपछि भारत निर्वाचनमा बसेर नेपालमा प्रजातन्त्रको पुनर्स्थापनाका लागि सक्रिय बिपी २०३३ सालमा राष्ट्रिय मेलमिलापनको नीति लिएर स्वदेश फर्कनुभएको थियो । उहाँलाई क्यान्सर भएपछि तत्कालीन पञ्चायत सरकारले २०३५ सालमा उपचारका लागि विदेश जाने अनुमति दियो । त्यसपछि विकसित राजनीतिक घटनालाई विश्लेषण गर्दै बहुदल वा सुधारसहितको पञ्चायती व्यवस्था रोज्न दिन जनमत सङ्ग्रह घोषणा गरे तापनि पञ्चायतलाई टिकाउन जालझेल गरी निर्वाचनको परिणाम त्यसतर्फ भएको नतिजा सार्वजनिक गरियो । यो घटनालाई नेपालको राजनीतिक इतिहासमा महत्वपूर्ण घटनाका रूपमा लिने गरिन्छ । नेपालका समकालीन राजनीतिबीचमा अध्ययनशील, साहित्यकार, अनुभवी, प्रजातन्त्रप्रति प्रतिबद्ध बिपीलाई अहिले राजनीतिमा देखिएको विश्वासको खडेरीले उहाँलाई झल्झली सम्झना गरेको छ । सडक, सञ्चार, शिक्षा नभएको तथा गरिबी र अन्धकारको चरम अवस्थामा पनि सबै जनतालाई निर्वाचनमा भाग लिने सुनिश्चिताले बिपीको प्रजातन्त्रप्रतिको प्रतिबद्धलाई स्पष्ट गरेका कूटनीतिज्ञ आचार्य बताउनुहुन्छ । उहाँले नेपाली भाषाका प्रभावशाली साहित्यकार पनि स्थान प्राप्त गर्नुभएको छ । २०१७ सालको काण्डपछि बिपीले ८ वर्ष जेलजीवन बिताउनुभयो । उहाँले अधिकांश उपन्यास त्यही समयमा लेख्नुभयो । राजा महेन्द्र जहाँ पुग्दा पनि पत्रकारले त्यस समयमा सोध्ने एउटै प्रश्न थियो, बिपी कहिले जेलबाट छुट्नुहुन्छ ? महेन्द्रलाई बिपी बिर्सउन सम्भव थिएन । बिपी जेलमा होस् वा बाहिर जहाँ रहे पनि प्रजातन्त्रका लागि बिपीको सङ्घर्षको गाथा सबैले नजीकबाट नियाँलिरहेका थिए । यसअघि अङ्ग्रेज विरुद्धको भारत छोड आन्दोलनमा अग्रमोर्चामा रही योगदान पुऱ्याउनुभएका बिपीमा लोकतान्त्रिक सिद्धान्त, आदर्श र गन्तव्य प्रमुख एजेन्डा थियो । विसं १९७१ भदौ २४ मा जन्मनुभएका बिपीको २०३९ साल साउन ६ गते क्यान्सरबाट निधन भएको थियो । उहाँको निधनप्रति शोक व्यक्त गर्न आङ्कलन गरिएभन्दा निकै धेरै नागरिक पशुपति पुगेका थिए । नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक देवेन्द्र सुवेदी भन्नुहुन्छ, "बिपीको निधनप्रति शोक व्यक्त गर्दै श्रद्धाञ्जलि अर्पण गर्नेको भीड पशुपतिदेखि पुतलीसडकसम्म रहेको र त्यसअघि यति ठूलो मानिसको सहभागिता कहिल्यै देखेको थिइनँ । फाउन्डेशनका सदस्यसचिव अतुल कोइरालाले नेपाली लोकतान्त्रिक आन्दोलनमा बिपीको योगदान युगौँयुगसम्म ताजा रही रहने प्रतिक्रिया दिनुभयो । त्रिभुवन विश्वविद्यालय आमसञ्चार तथा पत्रकारित विभागका उपप्राध्यापक जगत नेपालले मुलुकको प्रजातन्त्र स्थापनाका लागि भएको आन्दोलन र बिपी एकअर्काको पर्याय रहेको धारणा व्यक्त गर्नुभयो ।

# दुई सातापछि सिधा सवारी सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, ६ साउन

हिमालपारिको जिल्ला मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडक दुई सातापछि पुनः सञ्चालन भएको छ ।

गत असार २४ गतेदेखिको अविरल वर्षाका कारण ७६ किलोमिटर उक्त सडकका विभिन्न ठाउँमा पहिरो गएपछि सडक अवरुद्ध भएको थियो ।

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ राहुघाट गलेश्वर र अन्नपूर्ण गाउँपालिका-३ रुप्से छहरा, काभ्रेभिरलगायतका स्थानमा पहिराले अवरुद्ध बनेको सडकलाई निर्माण कम्पनी परिचालन गरी पहिरो पन्छाएर सञ्चालन गराइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । करिब दुई साता सो सडकखण्डमा कुनै पनि सवारी साधन सिधा सञ्चालन हुनसकेका थिएनन् । सडक अवरुद्ध हुँदा मुस्ताङ र उत्तरी म्याग्दीका बासिन्दा बीचबाटोमै अलपत्र परेका थिए ।

सडक अवरुद्ध भएपछि मुस्ताङका लागि नेपाल सरकारले पठाएको कोरोनाविरुद्धको भ्याक्सिन पनि मान्छेले बोकेर नै मुस्ताङ पुऱ्याएका बेनी-जोमसोम सडकका सुपरभाइजर इन्द्रसिंह शेरचनले जानकारी दिनुभयो ।

बेनी-जोमसोमसडकखण्डको स्तरोन्नतिमा परिचालन भएका निर्माण कम्पनीलाई परिचालन गरी अवरुद्ध बनेको सडक सञ्चालन भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङले बताउनुभयो ।

# झोलुङ्गो पुल बगेपछि आवागमनमा सकस

रासस
मनाङ, ६ साउन

मङ्गलबार साँझदेखि परेको अविरल वर्षाका कारण मर्स्याङ्दी नदीमा आएको बाढीले सदरमुकाम चामेको झोलुङ्गे पुल बगाएको छ ।

जिल्लाको माथिल्लो मनाङ जोड्ने एकमात्र चामे झोलुङ्गे पुल बगाएपछि चामे र मनाङको भक्तपुर तथा माथिल्लो मनाङसँगको आवतजावतमा सकस भएको छ । गत जेठ अन्तिममा परेको वर्षाले गर्दा मर्स्याङ्दी नदीमा आएको बाढीपहिराले सडक सञ्जाल बगाएर विच्छेद भएको थियो । हिजो रातिदेखि परेको अवरिल वर्षाका कारण आज चामेको झोलुङ्गे पुल पनि बगाएपछि यात्रा झन सकस बनेको हो ।

माथिल्लो मनाङ जोड्ने उक्त पुल बिहान आएको बाढीले बगाएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । "सडक सञ्जाल विच्छेद भए पनि झोलुङ्गे पुलले सहज बनाएकोमा त्यो पनि बगाएपछि अझ सकस भयो," उहाँले भन्नुभयो, "अन्यत्र केही ठाउँमा बनाएको काठका गोरेटो बाटोसमेत मर्स्याङ्दी नदीमा आएको बाढीले बगाएको छ । वर्षात् कम हुँदा सहज हुन्छ की भन्ने आश लागे पनि पुनःवर्षा हुँदा समस्या जटिल बन्दै गएको छ । " बाढीपहिरा प्रभावितलाई खाद्यान्नलगायत अत्यावश्यक वस्तु पुऱ्याउन सहज भएको स्थानमा पनि समस्या थपिएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताउनुभयो । "यस पटक प्राकृतिक बिपीत्तले पनि मनाङलाई धेरै कष्ट दिएको छ, अब विस्तारै कम होला भन्यो, फेरि समस्या आउँछ, त्यसै त सडक सञ्जाल सहज नहुँदा खाद्यान्न अभाव हुने अवस्थामा छ," उहाँले भन्नुभयो ।

चामेको मोटरेवल पुलमा भने हालसम्म समस्या रहेको छैन । पुलमा बाढीले ल्याएको बालुवा, ढुङ्गा र काठले पानी जाने बाटो थुनेर बस्तीतर्फ जाँदा त्यहाँस्थित विद्यालयमा क्षति पुगिरहेको छ । यसअघि नै आएको बाढीपहिराले मनाङको सरकारी, गैरसरकारी तथा व्यक्तिगत भौतिक संरचनामा धेरै क्षति पुगिसकेको छ ।

# १८ वर्ष माथिकालाई पनि जोन्सन एन्ड जोन्सन खोप

रासस
काठमाडौं, ६ साउन

कोरोना भाइरस विरुद्धको जोन्सन एन्ड जोन्सन खोप काठमाडौं जिल्लामा १८ वर्षमाथिका सबैलाई लगाइएको छ ।

खोप अभियानमा काठमाडौं जिल्लामा सोचेभन्दा कमले लगाएको र खोप बच्ने भएकाले १८ वर्षमाथिका सबैलाई खोप लगाइएको स्वास्थ्य सेवा विभागको परिवार कल्याण शाखाका निर्देशक डा तारानाथ पोखरेलले जानकारी दिनुभयो । अहिले खोप लगाउनका लागि काठमाडौं जिल्लाका ४४ वटा खोप केन्द्रमा भीड रहेको छ। उहाँले खोप भोलिसम्म खोप केन्द्रमा गएर लगाउन सकिने बताउनुभयो। उहाँले जोन्सन एन्ड जोन्सन खोपबारे नकारात्मक हल्ला भएपछि मानिसहरूले कम लगाएको हुनसक्ने भन्दै खोपले कुनै नकारात्मक प्रभाव नपार्ने बताउनुभयो । प्रधानमन्त्री शेरबहादुर देउवाले यही साउन ४ गते खोप अभियानको शुभारम्भ गर्नुभएको थियो । भोलिसम्म लगाइने खोप शुरुमा ५० देखि ५४ वर्ष उमेर समूहका सबैलाई भनिएको थियो । अमेरिकाले नेपाललाई १५ लाख ३४ हजार ८५० मात्रा जोन्सन एन्ड जोन्सन खोप कोभ्याक्स सुविधाअन्तर्गत यही असार २८ गते अनुदानमा उपलब्ध गराएको थियो । जोन्सन एन्ड जोन्सन खोप पूर्ण र अति अशक्त अपाङ्गता भएका नागरिक, नेपालमा बसोबास गरिरहेका शरणार्थी, स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी र सरसफाइकर्मी, यसअघिको अभियानमा खोप लगाउन छुट भएकालाई लगाइँदैछ ।

नेपालमा अहिलेसम्म ३१ लाख ५० हजार ९५६ जनाले पहिलो मात्रा र ११ लाख ५८ हजार १३० जनाले दोस्रो मात्रा खोप लगाइसकेका छन् ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

जुस पसल बिक्रीमा
अत्यन्तै चालु अवस्थामा पोखरा-११ फूलबारीमा रहेको जुस सप र किराना पसल तुः बिक्रीमा छ ।
सम्पर्कः
९८४६०८२४६०
९८२६१४३६४९

तुः आवश्यकता
चालु अवस्थामा पोखरा-११ फूलबारीमा रहेको क्याफेका लागि १ जना वेटर तुः आवश्यकता ।
सम्पर्कः
९८२६१४३६४९

# प्रदेश सरकारबाट विभिन्न योजनाका लागि बजेट

**पोखरापत्र संवाददाता**
**दमौली, ६ साउन**

गण्डकी प्रदेश सरकारमार्फत तनहुँ जिल्लाका विभिन्न ठाउँमा योजना सञ्चालनका लागि बजेट विनियोजन भएको छ । सडक पुल, मोटरमार्ग, खानेपानी, भवन, सिँचाइ लगायतका योजनामा प्रदेश सरकारले बजेट विनियोजन गरेको हो।

पूर्वमन्त्री एवं गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमानको निर्वाचन क्षेत्र तनहुँ १ (ख) अन्तर्गत बन्दीपुर, आँबुखैरेनी र देवघाट गाउँपालिकामा सडक पुल, खानेपानी, मोटरमार्ग, खानेपानी, सिँचाइ लगायतका योजना सञ्चालन हुने उहाँको सचिवालयले जानकारी दिएको छ। आँबुखैरेनी-छिम्केश्वरी हिलेखर्क बाहुनभञ्ज्याङ (छिम्केश्वरी पर्यटन मार्ग) का लागि रु ६ करोड २५ हजार, दासढुङ्गा देउपुर मार्ग (देवघाट गाउँपालिका केन्द्र जोड्ने) का लागि रु ६ करोड, सेतीनदी सडक पुल ङ्नाल्दीघाटका लागि रु तीन करोड, सेती नदी सडक पुल मास्दीघाटका लागि रु एक करोड ८७ लाख ५० हजार, बुद्धसिं मार्गका लागि रु एक करोड, बुद्धसिं मार्ग लाङ्दीखोला सडकपुलका लागि रु ५० लाख, शालिग्राम करिडोरको बञ्चरेभिर सडक स्तरोन्नतिका लागि रु ५० लाख विनियोजन भएको छ । त्यस्तै ढकालटार चक्रपथका लागि रु ४० लाख र खहरेखोला सडक पुलका लागि रु ४० लाख विनियोजन भएको छ । व्यास-१ र १३ जोड्ने छाब्दीखोला मोटरेबल पुलका लागि रु ३० लाख, बेलघारी छाब्दीमार्गका लागि रु ३० लाख, समस्तीपुर यानचोक झोलुङ्गेपुलका रु ३० लाख, हिलेखर्क खौली प्युघर मार्गका लागि रु २५ लाख, जालभञ्ज्याङ सडक स्तरोन्नतिका लागि रु २० लाख, गोहोरो लोही कल्चोक सडकका लागि रु २० लाख तथा पार्लङ झोलुङ्गेपुलका लागि रु १५ लाख विनियोजन भएको छ।

त्यस्तै तल्लो डुम्रेबाट भानु जोड्ने चुँदीखोला मोटरपुलका लागि रु दश लाख, व्यास-१, १२ र १३ जोड्ने भड्खाला छाब्दीखोला मोटरपुलका लागि रु दश लाख, निर्मलनगर टोलभित्रको बाटो पक्की नाला निर्माणका लागि रु दश लाख, कालीमाटी गोहीटार भुवनटार मार्गका लागि रु दश लाख, पृथ्वीराजमार्ग मुसेखोला हुँदै भद्रुडाँडा चारकुने ठूलोगाउँ, निर्मलनगर हुँदै छाब्दी दोभान जोड्ने मार्गका लागि रु दश लाख विनियोजन भएको छ। आबुखैरेनी-१ हुँदै बन्दीपुर-५ झारगाउँ मोटरमार्गका लागि रु सात लाख, लाब्दी घुमाउने मोटरमार्गका लागि रु सात लाख, बेनीकोट सुन्तलामार्गका लागि रु पाँच लाख र खुदिखोले कटसेरह पक्की पुलका लागि रु ३० लाख विनियोजन भएको छ।

खानेपानीतर्फ विमलनगर चिसोडिहीका लागि रु ५५ लाख, कुवादीखोलाका लागि रु ५० लाख, छाब्दी दोभान बोरिङ लिफ्ट भञ्ज्याङका लागि रु ४५ लाख, आँधीमूल सत्रसयफाँटका लागि रु ४० लाख, कालीखोला बरादी खानेपानीका लागि रु ४० लाख, भुडाटारका लागि रु ३५ लाख, देवघाट-४ कोटा १, ३, ५ र ६ का लागि ३५ लाख, मिलनचोक जरेबरका लागि रु ३० लाख, डुडेबासपानी, बसेनी, काफलस्वाराखानेपानीआयोजनाका लागि रु ३० लाख, चिलाउनेपानी खानेपानी आयोजनाका लागि रु २५ लाख, रामकोट लिफ्ट खानेपानीका लागि रु २५ लाख विनियोजन भएको छ।

त्यसैगरी कोटबैदी खानेपानी आयोजनाका लागि रु २० लाख, कोटधाम सोलार लिफ्टका लागि रु २० लाख, हुस्लाकोट खानेपानीका लागि रु २० लाख, केउरानी मजुवाडाँडा (लिफ्टिङ) का लागि रु १५ लाख, लुङ्गेली खानेपानीका लागि रु १५ लाख, आधीमूल खानेपानीका लागि रु १२ लाख विनियोजन भएको छ।

त्यस्तै लाब्दीखोलाका लागि रु दश लाख, नयाँपुल डिपबोरिङ खानेपानीका लागि रु दश लाख, थुम्कीडाँडाका लागि रु दश लाख, पोखरीभञ्ज्याङ चापखोला कमेरे खानेपानीका लागि रु आठ लाख, कुवादीखोला बृहत् खानेपानीका लागि रु आठ लाख परेको छ। बद्रीनारायण मन्दिर खानेपानी योजनाका लागि रु पाँच लाख, दूधेपानी आसिस गैरा लिफ्ट योजनाका लागि रु पाँच लाख, मार्कीचोक खानेपानीका लागि रु पाँच लाख, हिलेखर्क खानेपानीका लागि रु पाँच लाख, फुम्रेपानी लिफ्टका लागि रु पाँच लाख, सारघाट खानेपानीका लागि रु पाँच लाख, देउरानी पहरेपानीका लागि रु चार लाख, बेलौतीगैरा खानेपानीका लागि रु चार लाख, पार्चे खानेपानीका लागि रु दुई लाख, सिमलटार खानेपानीका लागि रु दुई लाख विनियोजन भएको छ।

सिँचाइतर्फ बेसारघारी सिँचाइ आयोजनाका लागि रु ८० लाख, कोलपाटा लिफ्ट सिँचाइ योजनाका लागि रु ३० लाख, झप्रीफाँट सिँचाइका लागि रु २५ लाख, आँपटार सिँचाइका लागि रु २५ लाख, कालिकाटार सिँचाइका लागि रु २० लाख, छाब्दीफाँट एकीकृत सिँचाइ योजनाका लागि रु २० लाख, पचपन्ने सिँचाइ योजनाका लागि रु १५ लाख र आँधीमूल सत्रसयफाँट सिँचाइ योजनाका लागि रु पाँच लाख विनियोजन गरिएको छ।

भवन, मन्दिरतर्फ मनकामना आमा समूहको भवनका लागि रु १५ लाख, शुभ लाङ्घाली आमा समूहको निर्माणाधीन भवनका लागि रु दश लाख, सिर्जना दलित वर्ग महिला उत्थान समूहको भवनका लागि रु १२ लाख, ज्येष्ठ नागरिक आश्रमको स्तरोन्नतिका लागि रु दश लाख परेको छ । सिर्जनशील टोल भवन निर्माणका लागि रु सात लाख, खड्गदेवी आमा समूह भवन मर्मतका लागि रु पाँच लाख, रानीथान मन्दिर गुरुयोजना निर्माणका लागि रु पाँच लाख, विश्वकर्मा सामुदायिक भवनका लागि रु पाँच लाख विनियोजन गरिएको छ।

ससर्त, विशेष र समपूरकतर्फ साउने फुम्रेपनी कर्ताप मोटरमार्गका लागि रु एक करोड, भुमर्से बोरिङ खानेपानीका लागि रु ५० लाख, बाङ्गेसिमल खानेपानी योजनाका लागि रु ५० लाख, लिफ्टिङ प्रणाली सिँचाइका लागि रु ५० लाख र लिफ्टिङ प्रणाली सिँचाइ योजनाका लागि रु ५० लाख विनियोजन भएको छ।

यसैगरी पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य आशा कोइरालाको निर्वाचन क्षेत्र तनहुँ २ (क) मा ७१ योजनाका लागि बजेट विनियोजन गरिएको छ। मोटरेबल पुल, झोलुङ्गे पुल, कजवेका दश, सडकका १२, खानेपानीका ३१ र भवन, पार्क र खेलमैदानका ११ योजनाका लागि बजेट विनियोजन भएको छ । सडक निर्माण तथा स्तरोन्नतिका लागि रु आठ करोड २१ लाखका योजना परेको छ । उक्त बजेटबाट १२ सडकको काम हुनेछ । दुलेगौडा हर्कपुर मोटर मार्गको स्तरोन्नतिका लागि मात्रै रु चार करोड ५० लाख विनियोजन भएको छ। सिचाइँका लागि रु सात करोड १३ लाख, खानेपानीका लागि रु चार करोड पाँच लाख ६० हजार, भवन, खेलमैदान र पार्कका लागि रु एक करोड दुई लाख विनियोजन भएको छ । जनता आवास कार्यक्रमअन्तर्गत सम्झौता भएर निर्माण भइरहेको १५६ घरका लागि पनि रु एक करोड ५७ लाख विनियोजन भएको छ। शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा निर्माणाधीन कृषि उपज सङ्कलन केन्द्रका लागि रु ५० लाख, शुक्लागण्डकी नगरपालिका-८ ढोरफिर्दीमा निर्माणाधीन कोल्ड स्टोरका लागि रु ५० लाख र शुक्लागण्डकी स्याटेलाइट सिटी निर्माणका लागि रु ५० लाख विनियोजन भएको कोइरालाले जानकारी दिनुभयो।

# घरघरमै मनाए मुस्लिम धर्मावलम्बीले बकर ईद (इदुल जोहा)

**रासस**
**काठमाडौं, ६ साउन**

मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर ईद (इदुल जोहा) आज देशभरका मस्जिदमा सीमित मानिसकाबीच भौतिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै हर्षोल्लासपूर्वक मनाइएको छ।

नयाँ भेरियन्टसहितको कोरोना जोखिम कायमै रहेकाले धेरै मुस्लिम धर्मावलम्बीले भने घरघरमै प्रार्थना एवं नमाज पाठ गरी यो पर्व मनाएका छन् । इदुल फित्र अर्थात् रमजान पर्वको ७० औं दिनमा बकर ईद मनाउने धार्मिक विधि छ । मुस्लिम धर्मावलम्बीले आज बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्ने गरेकामा यस वर्ष कोरोना भाइरसको सङ्क्रमण फैलनसक्ने डरले घरमै पढेका छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने गरिएको छ।

यस अवसरमा विगत वर्षमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मिरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लाग्थ्यो । यस वर्ष कोरोना भाइरसको सङ्क्रमण फैलनसक्ने भएकाले राष्ट्रिय मुस्लिम आयोगले पनि घरमै बसेर सुरक्षितरुपमा बकर ईद मनाउन आह्वान गरेको थियो । हिजरी संवत् अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मुस्लिम आयोगका पूर्वअध्यक्ष निर्दोष अलीले जानकारी दिनुभयो।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर ईद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउनुहुन्छ। जसले यो पर्व एवं धर्मलाई पुस्तान्तर गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गर्नुभएको थियो । 'जुन ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय (मदरसा) मा समेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा अहिले पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ', उहाँले भन्नुभयो।

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिने भए पनि यस वर्ष कोरोनाका कारण अन्तरराष्ट्रिय उडानसमेत बन्द रहेका कारण त्यो अवसर नजुटेको मुस्लिम धर्मावलम्बीले बताए। कोरोनाका कारण गत वर्ष पनि मक्का मदिनाको तीर्थ यात्रा रोकिएको थियो। गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हज यात्रा गराउने गरेको थियो । मक्का मदिना जान नपाएका हजयात्रीलेसमेत घर घरमै बकर ईद मनाएका छन्।

मस्जिद, इदगाहलगायत धार्मिकस्थलमा पनि भौतिक दूरी कायम गरेर बकर ईद मनाइएको छ। यस पर्वमा अल्लालाई खुशी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिएका छन्।

धार्मिक मान्यताअनुसार अल्लाहका नवी(दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो । जसलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माइलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ । यसैकारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ । निःसन्तान इब्राहिमले सन्तानप्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका थिए । अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो । सोहीअनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्न पर्छ भनेका थिए भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ।

उनले धेरै जनावर कुर्बानी गरे तर अल्लाह खुशी भएका थिएनन् । अन्तिममा आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए। यस घडीमा उहाँको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान(बलि) भएको थियो।

कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ। एक भाग गरीब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैँले खानुपर्ने मुस्लिम धार्मिक मान्यता छ । यसैअनुसार आज पहिलो दिनको बकर ईद मनाइएको छ । मुस्लिम धर्मावलम्बीले शुक्रबारसम्म तीन दिन यो पर्व मनाउने जनाइएको छ । यो पर्व मनाउने तीनै दिन कुर्बानी गर्नुपर्ने मुस्लिम धर्मावलम्बीको विधि रहेको नेपाली जामे मस्जिदका सचिव मन्सुर हुसेनले जानकारी दिनुभयो।



खानेपानी ट्याङ्कीः तनहुँको भिमाद नगरपालिका-९ स्थित मोहरियामा एक घर : एक धारा अभियानअन्तर्गत निर्माण गरिएको खानेपानी ट्याङ्की। वडाले सबै घरमा खानेपानी पुऱ्याउने लक्ष्यलाई तीव्र गतिमा अगाडि बढाइरहेको छ। तस्वीर : कृष्ण न्यौपाने, रासस

# फेरिए विपन्नका घरका छाना

**पोखरापत्र संवाददाता**
**बागलुङ, ६ साउन**

गलकोट नगरपालिकाका ३४१ घर खरको छानाबाट मुक्त भएका छन् । आर्थिक वर्ष २०७६/७७ मा १९० र गत आवमा १५१ घरमा रहेका खरका छाना हटाएर जस्तापाताले छाइएको हो । नगरपालिकाका अनुसार अब ६७ घरका छाना फेर्न बाँकी छ।

जस्तापाता खरिदका लागि नगरपालिकाले अनुदान दिँदै आएको र चालु आवभित्र नगरका सबै खरका छाना विस्थापित गर्ने योजना रहेको प्रशासकीय अधिकृत तुलबहादुर विकले जानकारी दिनुभयो। सङ्घ सरकारको 'सुरक्षित नागरिक आवास' कार्यक्रमको बजेट पनि खरका छानामुक्त अभियानमा खर्च भइरहेको छ। उक्त कार्यक्रमका लागि छनोटमा परेका परिवारले रु ५० हजार अनुदान पाउने गरेका छन् । यस वर्ष पनि सोही शिर्षकका लागि बजेट माग गरेर पठाइएको नगरप्रमुख भरत शर्मा गैरेले बताउनुभयो।

"विपन्न परिवारलाई सुरक्षित छानामुनि ल्याउन नगरपालिका आफैँले लगानी गरेको र घरको लागत अनुमान हेरेर जस्तापातका लागि अनुदान जान्छ", नगरप्रमुख गैरेले भन्नुभयो, "आउँदो एक वर्षभित्रमा नगर खरका छानामुक्त बन्छ ।" नगरपालिकाले दुई वर्षअघि खरका छाना विस्थापन गर्ने अभियान थालेको थियो।

खरको छानोमुनि कष्टकर जीवन गुजारिरहेका परिवारलाई सुरक्षित आवास दिलाउन नगर सहारा बनेको हो । ढुङ्गा या जस्तापाता हालेका र खरले छाएका तर दुई घर भएका परिवारले भने अनुदान नपाउने नगरपालिकाले जनाएको छ । आर्थिकरूपमा सक्षम परिवारले भने आफैं पनि खर हटाएर जस्तापाताले घर छाउन थालेका छन् । जस्तापाता खरिद र ढुवानीमा नगरपालिकाले सघाए पनि छानो छाउने काम भने अनुदान पाउने परिवार आफैँले गर्दै आएका छन्। आर्थिक विपन्नताका कारण खरको छानोमुनि आश्रय लिइरहेका परिवारहरू वर्षौंदेखि विभिन्न समस्या झेल्न बाध्य थिए। वर्षायाममा पानी चुहिने, पटक-पकट खरले छाइरहनुपर्ने झन्झटबाट अब उनीहरूलाई मुक्ति मिलेको छ।

नगरपालिकाको सहयोगमा छानो फेर्न पाउँदा स्थानीयवासी पनि खुशी छन् । गलकोटसँगै यहाँका १० वटै स्थानीय तहमा खरका छाना विस्थापन गर्ने अभियानले यो वर्ष पनि निरन्तरता पाएको छ। रङ्गीचङ्गी जस्तापाता पाएपछि गाउँ बस्तीमा रहेका विपन्न परिवारका घरले विस्तारै मुहार फेर्दैछन्।

# पर्यावरण संरक्षणमा नेपाल र भारतका बालबालिकाको चासो

**रासस**
**काठमाडौं, ६ साउन**

नेपाल र भारतका बालबालिकाले संसार बचाउन पर्यावरण बचाउनुपर्ने र वन्यजन्तु र वनस्पति संरक्षण गर्ने दायित्व आफूहरुको रहेको बताएका छन्।

हाम्रा भडेरा र पर्यावरण योद्धा, पटना, विहार, भारतले 'जङ्गल-पशु-पक्षीः बालबालिकाका आँखामा' विषयमा आयोजना गरेको अनलाइन परिचर्चामा तिनले पर्यावरण संरक्षणका दिशाा जागरूकतामा जोड दिँदै यस कार्यका लागि लिए देशविदेशका धेरै बालबालिका अघि बढिरहेको र वृक्षरोपण अभियान चलाइरहेको बताए । आइतबार भएको परिचर्चामा मोरङ बूढीगङ्गाका बाल पर्यावरण योद्धा डेनिस रिजालले मानव जीवनमा बोटबिरुवा, पक्षी र जनावरका अहम भूमिका रहने भएकाले सबै मिलेर यिनलाई बचाउन आग्रह गर्नुभयो। "पूरा विश्वमा विकासका नाममा रुखबिरुवा कार्टिँदै छ, यसको विकल्पमा अर्को बाटो खोज्नुपर्छ", एघार वर्षीय रिजालले भन्नुभयो, पृथ्वी र प्रकृतिलाई सुन्दर बनाउन तथा जैविक विविधताका लागि सबैको संरक्षण आवश्यक छ।" झारखण्डका अमीषा महतोले आफ्नो गाउँमा कोइला निकाल्नका लागि जङ्गल काटिँदा गर्मी बढेको अनुभव सुनाउँदै पृथ्वी र पर्यावरण बचाउनका लागि ज्यादाभन्दा ज्यादा बिरुवा लगाउन आह्वान गर्नुभयो । दिल्लीका एकांश डंगवाल र दिव्यांश डंगवालले पर्यावरणमा हरेक जीवको विशेष महत्व रहेको जनाउँदै पक्षीहरुलाई दाना-पानी दिएर संरक्षण गर्नुपर्ने बताउनुभयो । पर्यावरणप्रेमी-चिन्तक पिआइबी, पटनाका निर्देशक दिनेश कुमारले रुखका हरेक पात हाम्रा फोक्सो र प्रकृति बैंक भएको बताउँदै संरक्षणका लागि बालबालिकालाई अघि बढ्न आग्रह गर्नुभयो। पीपल नीम तुलसी अभियानका संस्थापक डा धर्मेन्द्र कुमारले खासगरी बालबालिकालाई पर्यावरण संरक्षणमा जोड्न आवश्यक रहेको बताउनुभयो । परिचर्चाका आयोजक भडेरा संरक्षक तथा लेखक सञ्जय कुमारले लगातार जंगल कम भइरहेको र वन जथाभावी उजाडिँदा कतिपय वन्य जीवजन्तु विलुप्त भइसकेको र केही लोपोन्मुख भएकामा चिन्ता व्यक्त गर्नुभयो । पर्यावरण योद्धा, पटनाका अध्यक्ष निशान्तरञ्जनले ठुल्ठुला जङ्गल अहिले विशाल अपार्टमेण्टमा परिणत भई पर्यावरणको तीव्र गतिबाट भइरहेको ह्रासले मानव अस्तित्व नै खतरामा परेको औँल्याउँदै यसको संरक्षणमा युवाको भूमिकामा जोड दिनुभयो।

# टोकियो ओलम्पिकको उद्घाटनमा १५ राष्ट्र र सङ्गठनका प्रमुख सहभागी हुने

**रासस**
**काठमाडौं, ६ साउन**

जापानको राजधानी टोकियोमा हुन लागेको ओलम्पिक प्रतियोगिताको उद्घाटन समारोहमा १५ राष्ट्र र सङ्गठनका प्रमुख सहभागी हुने अपेक्षा गरिएको छ।

प्रतियोगिताका आयोजकहरूले ७० देशका खेलकुद मन्त्री पनि सहभागी हुने अपेक्षा गरिएको बुधबार जानकारी दिएका छन्।

जापानको मन्त्रिपरिषद्का प्रमुख सचिव कात्सुनोबु कातोले पत्रकार हरूसँग भन्नुभयो, "१५ देश र अन्तर िष्ट्रिय सङ्गठनका प्रमुखहरूसँगै ७० देशका खेलकुद मन्त्रीहरू उद्घाटन समारोहमा सहभागी हुने देखिएको छ।" शीर्ष नेताहरूको उपस्थीतिलाई आफूहरूले उच्च महत्वका साथ लिएको र त्यसलाई महामारीको विषयमा छलफल गर्ने अवसरको रूपमा समेत उपयोग गरिने उहाँले जानकारी दिनुभयो।

महामारीले विश्वभरी पारेको असर र त्यसको सामनाका लागि अपनाउनुपर्ने उपाय, राम्रा अभ्यास, अनुभव र सहयोग आदान प्रदानका सन्दर्भमा पनि नेताहरूको उपस्थिति उपलब्धिमूलक हुने आयोजकहरूले अपेक्षा गरेका छन्। अघिल्लो वर्ष नै हुनुपर्ने टोकियो ओलम्पिक-२०२० कोरोनाभाइरसको महामारीका कारण एक वर्ष ढिला गरी अहिले हुन लागेको हो। प्रतियोगिता यही जुलाई २३ मा सुरु भई आगामी अगस्ट ८ मा सकिने तय भएको छ।

प्रतियोगिताका लागि लाखौं खेलाडी तथा खेलपदाधिकारीहरू अहिले टोकियो पुगिसकेका छन् । प्रतियोगितामा कोरोनाभाइरस नफैलियोस् भन्ने उद्देश्यले उच्च सतर्कता अपनाइएको अधिकारीहरूले जानकारी दिएका छन्।